बैतेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पाँडुडाँडा,दोलखा
वागमती प्रदेश नेपाल


बैतेश्वर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पाँडुडाँडा, दोलखा बागमती प्रदेश, नेपाल

## आन्तरिक आय सङ्कलनको ठेक्का बन्दोबस्त गर्ने शिलबन्दी बढाबढ बोलपत्र सम्बन्धी सूचना

## (प्रथम पटक सूचना प्रकाशित मितिः २०८२।०५।०३)

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ को घ(६),ढुङ्गा, गिटी तथा बालुवा उत्खनन्, बिक्री र व्यवस्थापन सम्बन्धी मापदण्ड,२०७७ को दफा ४, बैतेश्वर गाउँपालिकाको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE), बागमती प्रदेश सरकारको आर्थिक ऐन, २०८२ को भाग (१) को अनुसूची ५ मा भएको व्यवस्था अनुसार देहायका शिर्षकहरुमा कर तथा शुल्क असुली सम्बन्धी आर्थिक वर्ष २०८२।०८३ का लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइट centralize egp portal www.bolpatra.gov.np/egp मार्फत ठेक्काद्वारा गराउन यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशन भएको मितिले तोकिएको म्यादभित्र कानुनी प्रकृया पूरा गरेका इच्छुक फर्महरुले अनलाइन मार्फत बोलपत्र पेश गर्नु पर्नेछ। **बढाबढमा सबैभन्दा बढी अंक कबोल गर्ने बोलपत्र स्वीकृत गरिनेछ।**

### ठेक्का विवरण

| ठेक्का नं | ठेक्काको विवरण | संकलन गर्न सकिने अधिकतम परिमाण (घ.मि.) | न्युनतम शुल्क प्रति घ.मि.रु. (मु अ कर बाहेक .) | न्युनतम ठेक्का रकम रु.(मु अ कर बाहेक .) | शिलबन्दी बोलपत्र दस्तुर रु. राजश्व खाता नं. (०५७०१ ००००० ००५०९ ००१५६) | धरौटी रकम रु.(धरौटी खाता ०५७०१ ००००० ०००७४ ००१०२) |
|---|---|---|---|---|---|---|
| BRM/NCB /Goods-Revenue/01/2082/083 | क्षेत्र नं क (ठुलोबगर क्षेत्र २७°३६'५७" उत्तर ८६°०४'३१" पूर्व र काडेबगर क्षेत्र २७°४०'२५" उत्तर ८६°०६'०३" पूर्व) | १२१२० | २४७।– | रु.२९,९३,६४०। | ३,०००।- | कुल कबोल अङ्कको ५ प्रतिशत |

महेश पौडेल
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| BRM/NCB /Goods-Revenue/02/2082/083 | क्षेत्र नं ख (मर्याङ बगर क्षेत्र २७°३७'२८" उत्तर ८६°०४'५१" पूर्व, सती बगर क्षेत्र २७°३७'४५" उत्तर ८६°०४'५८" पूर्व,बिमिरे बगर क्षेत्र २७°३८'२७" उत्तर ८६°०५'०५" पूर्व | ६१०० | २४७।– | रु.१५,०६,७००। | १०००।- | कुल कबोल अङ्कको ५ प्रतिशत |
| BRM/NCB /Goods-Revenue/03/2082/083 | क्षेत्र नं ग (सिम्ले बगर क्षेत्र २७°४०'५०" उत्तर ८६°०६'२१" पूर्व, मलेपु बगर क्षेत्र २७°४०'५५" उत्तर ८६°०६'३९" पूर्व, झोलुङ्गे बगर क्षेत्र २७°४१'०३" उत्तर ८६°०७'०७" पूर्व | २९,७७५ | २४७।– | रु.७३,५४,४२५। | ३०००।- | कुल कबोल अङ्कको ५ प्रतिशत |
| BRM/NCB /Goods-Revenue/04/2082/083 | क्षेत्र नं घ (महभिर बगर क्षेत्र २७°४०'१५" उत्तर ८६°०५'४२" पूर्व) | २५,२०० | २४७।– | रु.६२,२४,४००। | ३०००।- | कुल कबोल अङ्कको ५ प्रतिशत |

**ठेक्का सम्बन्धी शर्तहरु :**

१) **बोलपत्रदाताले कबोल गर्न चाहेको रकम बोलपत्र सम्बन्धी फारम(BOQ) मा अनिवार्य भर्नु पर्नेछ** र सोही फाराममा उल्लेख भएको रकमलाई मात्र बोलपत्र मूल्याङ्कनमा समावेश गरिनेछ। बोलपत्र सम्बन्धी फारम(BOQ) भर्दा कबोल रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अङ्क र अक्षर फरक परेमा अक्षरमा उल्लेख भएको रकमलाई मान्यता दिइनेछ। **बढाबढमा सबैभन्दा बढी अंक कबोल गर्ने बोलपत्र स्वीकृत गरिनेछ।**

महेश पौडेल
प्रमुख प्रशासकीय अधिकृत

बैतेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पाँडुडाँडा, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

२) ठेक्का अवधि सम्झौता भएको मिति देखि **२०८३ जेठ मसान्त** सम्म रहनेछ साथै दैनिक सूर्योदय देखि सूर्यास्तको समय भित्र मात्र संकलन तथा उत्खनन गर्नुपर्ने छ । तर ठेक्कामा मालसामानको परिमाण एकिन भएको र परिमाण अनुसारकै ठेक्का अङ्क कायम गरिएकोले आवश्यक प्रक्रिया पुरा गरि उक्त परिमाण सो भन्दा कम अवधिमा पनि बिक्री निकासी गर्न सकिने छ । साथै परिमाणको आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द हड्ताल आदिका कारण केही दिन काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ति दाबी गर्न पाइने छैन । प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदनले निषेध गरेको अवधिमा नदी क्षेत्रबाट सामग्री उत्खनन् गर्न पाइने छैन ।

३) माथि उल्लेखित ठेक्कामा कबोल अंकको थप मू.अ. कर (१३) प्रतिशत राजस्व ठेक्का लिने फर्मले यस कार्यालयमा पेश गर्नु पर्नेछ ।

४) **धरौटी बापत कबोल गरेको अंकको पाँच प्रतिशत रकम** यस कार्यालयको प्राइम कमर्शियल बैङ्क बैतेश्वर शाखामा **धरौटी खाता नं. ०५७०१००००००००७४००१०२** मा दाखिला गरी सो को बैंक भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकको बैंक जमानत पत्र (Unconditional Bid Bond) को सक्कलपत्रको Scan Copy बोलपत्रसाथ संलग्न गरी पेश गर्नुपर्नेछ । धरौटी वा जमानत रकमलाई किस्तामा समावेश गर्न पाइने छैन । नियमानुसार कागजात पेश गरेपछि (विड बण्ड) प्रचलित कानुन बमोजिम फिर्ता गरिनेछ ।

५) प्रचलित कानुन बमोजिम कबोल गरेको रकम एकमुष्ठ अग्रिम रुपमा बुझाएमा पाँच प्रतिशत सम्म रकम छुट दिन सकिनेछ । तर नियमानुसार लाग्ने मु.अ.कर प्रयोजनको लागि भने छुट दिइने छैन । **बोलपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर बापतको रकम यस कार्यालयको प्राइम कर्मशियल बैङ्क बैतेश्वर शाखामा आन्तरिक राजश्व खाता नं. ०५७०१०००००००५०९००१५६** मा जम्मा गरी सो को बैंक भौचरको Scan Copy सहित दाखिला गर्नुपर्नेछ ।

६) कारण जनाइ वा नजनाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

७) बोलपत्र दिंदा कुनै किसिमको शर्त मान्य हुने छैन । साथै रित नपुगी आएको बोलपत्र उपर कुन कारबाहि हुने छैन ।

८) ठेक्कामा कुनै विवाद भएमा गाउँपालिकाको निर्णय अन्तिम हुनेछ ।

९) उपरोक्त ठेक्काको लागि सूचना प्रकाशित भएको मितिले तोकिएको समयभित्र बोलपत्र खरिद गरी ३१ औ दिनको १२ बजे भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइट centralize egp portal www.bolpatra.gov.np/egp मार्फत बुझाउनु पर्नेछ । प्राप्त बोलपत्रहरु ३१ औँ दिनको १ बजे गाउँपालिकाको कार्यालयमा खोलिनेछ ।

१०) यस सूचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त बोलपत्रसाथ संलग्न गरिएको अन्य शर्तहरुका प्रत्येक बुंदाहरु यसै सूचनाका शर्त सरह लागु हुनेछन ।

११) यस सूचना तथा बोलपत्रसाथ संलग्न शर्तहरु पुरा नभएका बोलपत्रहरु मूल्यांकनमा समावेश गरिने छैन ।

महेश पौडेल
प्रमुख प्रशासकीय अधिकृत

Email:info@baiteshwormun.gov.np, baiteshworrm0127@gmail.com website:www.baiteshwormun.gov.np
Facebook Page: www.facebook.com/BaiteshworGaupalika

१२) बोलपत्र पेश गर्दा पेश गर्ने फर्मको व्यवसायिक नविकरण प्रमाणपत्र, स्थायी लेखा नं., मुल्य अभिवृद्दी कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र आ व २०८०/०८१ को करचुक्ताको प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी पेश गर्नुपर्नेछ ।

१३) पेश हुन आएका बोलपत्र, बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ तर निजको अनुपस्थितिमा पनि खोल्न सकिनेछ ।

१४) अन्य कुराहरु यस कार्यालयको सूचना पार्टीमा तथा वेवसाइट www.baiteshwormun.gov.np मा उल्लेख गरिएको सूचना तथा अन्य प्रचलित ऐन,कानुन बमोजिम हुनेछन् ।

## आय ठेक्का सम्बन्धी अन्य शर्तहरु

१) बुँदा नं ५ बमोजिम एकमुष्ठ रकम नबुझाएमा कूल कबोल अङ्क मध्ये पहिलो किस्तामा बुझाउनुपर्ने रकम बाहेक बाँकी रकमको ठेक्का अवधिमा १ महिना थप भएको वैतेश्वर गाउँपालिकाको कार्यालयले तोकेको निर्धारित ढाँचामा नेपाल राष्ट्र बैंकको जमानत (Performance Bond)पेश गरे पश्चात मात्र ठेक्का सम्झौता गरि चलान पुर्जी दिइने छ ।

२) **आय संकलनमा प्रति घन मिटर रु. २४७/-(दुइ सय सतचालीस रुपैँया मात्र, मुल्य अभिवृद्दी कर बाहेक)**शुल्क लिनुपर्नेछ । उक्त शुल्कमा नियमानुसार मुल्य अभिवृद्दी कर थप गरी मुल्य अभिवृद्दी कर बिजक जारी गर्नुपर्नेछ । कबोल अङ्कमा मुल्य अभिवृद्दी कर रकम थप गरी हुन आउने रकममा सम्झौता गरिनेछ । प्रत्येक किस्तामा मुल्य अभिवृद्दी कर सहितको रकम यस बैतेश्वर गाउँपालिकाको कार्यालय, बैतेश्वर दोलखामा बुझाउनु पर्नेछ । तोकिएको किस्ता रकम नबुझाएमा कार्य सम्पादन जमानतबाट असुल गरिनेछ ।

३) आय रकमको भुक्तानी तालिका देहाय अनुसार हुनेछ । सो रकम(मु अ क सहित) बैतेश्वर गाउँपालिकाको **प्राइम कमर्सियल बैंक बैतेश्वर शाखामा रहेको विभाज्य कोष खाता ०५७०१००००००३३६००१४७** मा जम्मा गरेको सक्कल बैंक भौचर यस कार्यालयमा बुझाउनु पर्ने छ ।

| किस्ता | किस्ता बुझाउने मिति | रकम रु. |
|---|---|---|
| पहिलो | ठेक्का स्वीकृत भएको मितिले १५ दिन भित्र | सम्झौता रकमको ४० प्रतिशतले हुन आउने रकम |
| दोस्रो | २०८२ पुष मसान्त भित्र | सम्झौता रकमको बाँकी ३० प्रतिशत रकम |
| तेस्रो | २०८३ बैशाख मसान्त भित्र | सम्झौता रकमको बाँकी ३० प्रतिशत रकम |

महेश पौडेल
प्रमुख प्रशासकीय अधिकृत

३). ठेक्का कबोल गर्ने व्यवसायीले वैतेश्वर गाउँपालिकाले तोकेको कर उठाँउदा प्रयोग गर्ने बिक्री तथा निकासी तर्फका रसिदहरु व्यवसायीले आफनो तर्फबाट छुट्टाछुट्टै छपाई उक्त रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्ने छ। प्रमाणित नगरेको रसिदबाट शुल्क उठाएको पाइएमा नियमानुसार कारबाही गरिनेछ।

४) माथि शर्त नं.३ मा उल्लेख गरिएका रसिदहरुबाट आम्दानी गरिएको रकम बिक्री तथा निकासी आय खातामा मू.अ.करको हिसाब निकाल्नको लागि रसिद नं.को क्रम अनुसार लेखाङ्कन गरी खाता र रसिद अर्ध वार्षिक रुपमा यस गा.पा. मा बुझाउनुपर्ने छ।

५). व्यवसायीले उठाउने कर शुल्क कार्यालयद्धारा तोकिएको संकलन केन्द्रमानै उठाउनु पर्नेछ साथै दररेट सहितको साइनबोर्ड सबैले देख्ने गरी सम्बन्धित केन्द्रमा राखिएको हुनुपर्ने छ।

६) गाउँपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता भएको वा कालो सुचिमा परेको फर्मको बोलपत्र स्वीकृत गरिनेछैन।

७) ढुङ्गा, गिटी, ग्राभेल,रोडा, रातोमाटो, आदिको कर प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले निषेध गरेका स्थानमा बसी संकलन गर्न पाइने छैन।

८) तोकिएको समयमा तोकिएको किस्ता रकम बुझाउनु पर्नेछ। अन्तिम किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा पेश गरिएको बैक जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम असुल उपर गरिने छ। सो मा निर्माण व्यवसायीले कुनै किसिमको हर्जना दावी गर्न पाउनेछैन।

९) कुनै किसिमको परिस्थिती जस्तै बन्द,हड्ताल,नाकाबन्दी तथा अन्य प्राकृतिक प्रकोपको कारण देखाई ठेक्का रकममा मिनाहा माग गर्न पाइने छैन।

१०) यस गाउँपालिकाको विकास निर्माण कार्यक्रम संचालन गर्ने क्रममा वैतेश्वर गाउँपालिकाले स्वयम् वा अमानतमा सवारी साधन मार्फत वर्ष दिन भरी प्रयोग गरेको ढुङ्गा, गिटी, बालुवा, ग्राभेल, रोडा, रातोमाटो, आदि र विदेशी दातृ निकाय सँग भएको कर छुट सम्बन्धी सम्झौता भई संचलन हुने आयोजनामा व्यवसायीले कुनै कर लिन पाउने छैन।

११) प्रचलित ऐन, नियम, कानुन ,सम्झौता र सूचनाको शर्त विपरित कार्य गरेमा जुनसुकै अवस्थामा पनि कार्यालयले ठेक्का तोड्न सक्ने छ र त्यसबाट कार्यालयलाई हानी नोक्सानी भएमा ठेक्का लिने पक्षबाट सरकारी बाँकी सरह असुल उपर गरिने छ।

१२) यस गाउँपालिका भित्रका नदी, नालाबाट ढुंगा, गिट्टी, बालुवा, निकासी गर्ने क्रममा गाउँपालिका भित्रका पक्कीपुलको माथि ५०० मिटर क्षेत्रबाट निर्माण सामाग्री उत्खनन् गरी बिक्री तथा निकासी गर्न कानुनले पूर्णरुपमा प्रतिबन्ध लगाएको हुदाँ कर संकलकले सो कुरालाई पूर्णरुपमा ध्यान दिनु पर्नेछ।ढुंगा, गिट्टी, बालुवा उत्खन्न तथा संकलन गर्दा स्वीकृत भएको IEE प्रतिवेदनले नक्सांकन गरेको क्षेत्रमा तोकिएको परिमाण उत्खन्न गर्न पाइने छ।

महेश पौडेल
प्रमुख प्रशासकीय अधिकृत

१३) प्रमुख प्रशासकिय अधिकृत वा अख्तियार प्राप्त अधिकृतबाट प्रमाणित भएको बोलपत्रलाई मात्र मान्यता दिइनेछ।

१४) ढुंगा, गिट्टी, बालुवा, रोडा आदिको संकलन, उत्खन्न तथा निकासीका सम्बन्धमा जिल्ला स्तरीय र गाउँपालिका अनुगमन समितिले दिइएका सुझाव तथा निर्देशनहरु ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नुपर्नेछ ।

१५) ठेक्का कबोल गर्नुपूर्व ठेकेदारले अनिवार्य रुपमा साइट निरिक्षण गरी त्यहाँको लागि आवश्यक पर्ने बाटो (Access Road) तथा अन्य संरचनाहरुको यकिन गर्नुपर्ने छ । त्यस्तो संरचनाको व्यवस्था ठेकेदार स्वयंले गर्नुपर्ने छ साथै उक्त संरचनाको अभावले हुने असुविधा प्रति यस गाउँपालिका जिम्मेवार हुने छैन।

१६) उपरोक्त अनुसार उल्लेख भएको शर्तहरुको हकमा यसै अनुसार हुने र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन कानुन तथा ठेक्का स्वीकृत पश्चात गरिने सम्झौता अनुसार हुनेछ।

१७) ढुङ्गा, गिट्टी, बालुवा, रोडा र ग्राभेल सङ्कलन तथा उत्खनन शुल्क र परिमाणको विवरण ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन् बिक्री र व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ मा उल्लेख भएको समय अनुसार नियमित रुपमा गाउँ कार्यपालिकाको कार्यालयमा अनिवार्य रुपमा पेश गर्नुपर्ने छ।

१८) गाउँकार्यपालिकाको कार्यालय, जिल्ला स्तरीय अनुगमन तथा समन्वय समिति र प्राविधिक उपसमितिले ढुङ्गा, गिट्टी, बालुवा, रोडा र ग्राभेल सङ्कलन तथा उत्खनन्, शुल्क सङ्कलन लगायत समग्र प्रकृयाको अनुगमन गर्दा आवश्यक विवरण सहित सहयोग गर्नुपर्ने छ। अनुगमनको आधारमा दिएको निर्देशन पालना गर्नु पर्नेछ।

१९) ढुङ्गा, गिट्टी, बालुवा, रोडा र ग्राभेल सङ्कलन तथा उत्खनन र शुल्क असुली गर्ने सम्बन्धमा प्रचलित कानुनमा भएको व्यवस्था, नेपाल सरकार एवम् बागमती प्रदेश सरकारबाट हुने निर्देशन र गाउँपालिकाको निर्णय एवम् गाउँकार्यपालिकाको कार्यालयले दिएको निर्देशन पालना गर्नु पर्नेछ।

२०) नदीजन्य पदार्थ सङ्कलन गर्ने क्रममा सङ्कलन गर्न इजाजत पाएको नदीजन्य पदार्थ बाहेक कुनै बहुमूल्य पुरातात्विक ऐतिहासिक वस्तु फेला परेमा तत्काल यस गा.पा. मा बुझाउनु पर्नेछ।

२१) विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ।

महेश पौडेल
प्रमुख प्रशासकीय अधिकृत

Email:info@baiteshwormun.gov.np, baiteshworrm0127@gmail.com website:www.baiteshwormun.gov.np
Facebook Page: www.facebook.com/BaiteshworGaupalika